कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ३५ | ने. सं. ११३२ चौलाथ्व षष्ठी बुधवाः | २०६८ चैत्र १५ गते बुधवार (Mar - 28, 2012) | मुल्य : ५/- (न्यातका)

# स्कूलमा नेपालभाषाका लागि सहयोग गर्न नपा तयार

**कीर्तिपुर सन्देश /**

गत चैत १० गते शुक्रवार नेवाः स्वायत्त राज्य मंकाःपरिषदले कीर्तिपुर नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, कीर्तिपुर नगर पालिकाका पदाधिकारीहरूको संलग्नतामा एउटा छलफलको कार्यक्रम आयोजना गरियो।

कीर्तिपुर नगरपालिकाले प्रत्येक वर्ष स्थानीय भाषा विकासको लागि भनेर बजेट छुट्याउने गरेको तर उक्त बजेट कार्यान्वयन नभएको सन्दर्भमा नेवाः स्वायत्त राज्य मंकाः परिषदले छलफलको आयोजना गरेको थियो।

उक्त छलफल कार्यक्रममा आठवटा मा.वि.का प्रधानाध्यापक हरू र नगरपालिकाका कार्यकारि अधिकृत रामलाल श्रेष्ठ र लेखा अधिकृत सानुवावु परियार, नेपालभाषा स्यनामी गुथिका सानुकाजी महर्जन, रेणुका शाक्य, सिर्जना महर्जन,बज्रमुनि बज्राचार्य, डा.तुयुवहादुर महर्जन, जीवन कुमार महर्जनको पनि उपस्थिति थियो।

कार्यक्रममा सामुदायिक विद्यालयहरूमा कक्षा १ देखिनै नेपालभाषाको कक्षा संचालन गर्ने विषयमा छलफल भएको थियो।

विद्यालयका प्रधानाध्यापक–हरूले सामुदायिक विद्यालयमा ८० प्रतिशत गैर नेवार विद्यार्थी हरू रहेकोले कसरी नेपालभाषाको कक्षा संचालन गर्ने भन्ने सवाल उठाउनु भएको थियो। नेपालभाषाको कक्षा संचालन गर्ने भनेको नेवारहरूको लागि मात्र नभइ सबैको लागि पढाउन लागेको र यो विषय अनिवार्य नभै ऐच्छिक हुने बताउनु भयो।

नेपालभाषाको माध्यमबाट कक्षा संचालन हुने जगतसुन्दर ब्वनेकुथिको उदाहरण दिनु हुँदै नेवाः स्यनामी गुथिका सानुकाजी महर्जनले भाषा सिक्नु कुनै नराम्रो कुरा नभएको र यसले विद्यार्थीहरूको आइ.क्यू. बढाउने भन्नुभयो। जगतसुन्दर स्कुलमा आधाभन्दा बढी विद्यार्थी गैर नेवार हरू भएको उनीहरूले पनि नेपालभाषा सिकेर पनि एसएलसी परीक्षामा डिस्टिंकशन ल्याउन सफल भएको कुरा बताउनु भयो। काठमाडौं महानगरपालिका भित्र रहेका २७ वटा सामुदायिक विद्यालयमा नेपालभाषा पढाई भैर हेकोले शिक्षकका अभाव हुन गै एकजना शिक्षकले तीनवटा स्कूल भ्याउनु परिरहेको जानकारी दिनुभयो। नेपालभाषा पढेर रोजगारी पाउँछ कि पाउँदैन भन्ने कुनै चिन्तै लिनु नपर्ने उहाँले बताउनु भयो।



मंकाः परिषदको अध्यक्ष मण्डलका अध्यक्ष पंचलाल महर्जनले देश संघीयतामा जाने पक्का पक्की भैसकेको, नाम र सिमांकन जे भएपनि नेवारहरूको बाहुल्यता भएको क्षेत्रमा नेपालभाषाले मान्यता पाउनेछ त्यसबेला हामीसँग जनशक्ति कम हुनसक्छ। त्यसैले अहिलेदेखि नै जनशक्ति तयार गर्नुपर्ने बताउनु भयो। कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले स्थानीय भाषा भनेको नेपालभाषा, तामांङभाषा जुन पनि हुनसक्छ।

स्थानीय भाषा विकासको लागि नगरपालिकाले बजेट छुट्याएको बताउँदै कसरी जाने हो योजना बनाएर आउनुस सहयोग गर्न नगरपालिका तयार रहेको बताउनु भयो।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले पनि विद्यालयलाई आर्थिक भार नपर्ने भए नेपालभाषाको कक्षा संचालन गर्न तयार रहेको बताउनुभयो।

यसैवीच गत चारवर्षदेखि अधुरो रहेको टोलबस्तीको नाम लेखि टोल टोलमा टाँस्ने कामको लागि नेवाः स्वायत्त राज्य मंका परिषदले अहिले एफओ साईजमा नाम लेखि टोल टोलमा टाँसेर राय सुझाव लिने काम भैरहेको छ।

सबैसँग सल्लाह गरेर अन्तमा नगरपालिकाको सहयोगमा सो काम हुने भएको छ।

**दर्शन मोविकेयरले ल्याउँदैछ हंगामा**

सेकेण्ड ह्याण्डका ब्राण्डेड कलर टिभीहरू

१४ इन्चको रु २०००–३०००।–
२१ इन्चको रु ६,०००–१०,०००।–
२४ इन्चको रु ८,०००–१२,०००।–
२९ इन्चको रु ९,०००–१४,०००।
३२ इन्चको रु १०,०००–१५,०००।–

स्टक सिमित छ
तुरुन्त
सम्पर्क राख्नुहोला

हरेक ब्राण्डका मोबाइल सेटहरू साथै
अन्य इलेक्ट्रोनिक्स सामानहरू पनि

मोबाइलदेखि Laptop सम्मका उपहार लैजानुहोस्

सहकारीमा खाता खोल्नुहोस्
उपहार सबैलाई दिइनेछ।
(स्टक रहुन्जेल सम्म मात्र)

बिस्तृत जानकारीका लागिः
दर्शन बचत तथा ऋण सरकारी संस्था
नयाँबजार-३ फो.नं. ४३३६७७६

**भर्ना खुल्यो**

**राराहिल मेमोरियल स्कुल** कीर्तिपुरमा २०६९ को लागि कक्षा र्नसरी देखि आठ सम्म भर्ना खुल्यो।

विषेशता तथा चिनारी

१. सम्झाई बुझाई अध्ययन अध्यापन गराउने।
२. बालकको प्रतिभालाई विशेष ध्यानमा राखी अध्ययन अध्यापन गराउने।
३. विद्यालयभित्र १ वर्षे शिक्षक तालिम सञ्चालन गरी विद्यालयका सम्पूर्ण शिक्षकहरु तलिम प्राप्त तथा दक्ष बनाइएको
४. कक्षा नर्सरीदेखि ५ सम्म Grade Teaching System भएको।
५. भौतिक सुविधाले सम्पन्न (१४ रोपनी जग्गा सहित ६ वटा पक्की भवन)।
६. विद्यार्थीहरुलाई स्वास्थ्य उपचार तथा स्वास्थ्य शिक्षा प्रदान गर्न एक छुट्टै स्वास्थ्य चौकीको व्यवस्था भएको।
७. विद्यार्थीहरुलाई शीप सिकाउन छुट्टै workshop Hall को व्यवस्था भएको।
८. अत्याधुनिक होस्टेल र किचेन क्यान्टिन सहितको व्यवस्था भएको।
९. Science lab, Reading library, internet को सुविधा सहित computer lab को व्यवस्था भएको।
१०. बास्केटबल तथा अन्य खेलकुदमा अग्रस्थानमा रहेको।
११. नाफारहित सार्वजनिक गुठी द्वारा सञ्चालित।
१२. हरेक वर्ष SLC मा सत प्रतिशत उतिर्णहुनुका साथै यस वर्ष २०६७ सालमा SLC परीक्षाको दक्षिण, पश्चिम भेगम ९२.५०५ ल्याई सर्वोकृष्ट भएको।
१३. नर्सरीमा अध्ययन गर्ने विद्यार्थीहरुलाई गाडीभाडा पुरा छुट भएको।
१४. यस वर्षको SLC परीक्षामा अंग्रेजी र विज्ञान विषयका 2 शिक्षक सर्वोकृष्ट घोषित भएको।
१५. हरेक विद्यार्थीहरु मातृभाषा, नेपाली भाषा र अंग्रेजी भाषा बोल्न, लेख्न र सुन्न सिपालु छन्।

कुनै पनि कुरालाई आँखा चिम्लेर विश्वास नर्गनुस् तसर्थ एक पटक तपाई आफै विद्यालयमा आई उल्लेखित सम्पूर्ण कुराहरु अवलोकन तथा निरिक्षण गरी विश्वस्त हुनुहोस्।
विद्यालय निरीक्षण गर्नका लागि सम्पर्क टेलिफोन नम्बर : ४३३०१२१, ४३३१२४८, ४३३१२४९,

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# जेठ १४ राष्ट्रपति विवादमा !

राजनीतिलाई चासो लिने नागरिकहरुले अब जेठ १४ पछि के हुन्छ भनी प्रश्न गर्न थालेका छन् । सर्वोच्च अदालतले अन्तिम पटकका लागि भनी संविधानसभाको म्याद थप जेठ १४ गते सम्म भनी फैसला दिइसकेको र केहि दिन पछि नै सो दिन आउन लागेका कारण यस विषयमा चर्चा हुनु स्वाभाविक नै हो ।

आउँदो जेठ १४ अघि प्रमुख दलका नेताहरू संघीयताको विषयमा विवाद रहेका कारण भनी संघीयताको सवालमा मौन रहेको संक्षिप्त संविधान जारी गर्ने तयारीमा लाग्ने संभावना बढदै गएको अवस्था छ । त्यस्तो भयो भने नेपालका आदिवासी, जनजाति, मधेसीदेखि दलित सम्म पनि एक भई अर्को आन्दोलन गर्न सक्ने संभावनालाई ध्यानमा राखी नेताहरू सो बाटोमा लाग्न पनि सकिरहेको अवस्था छैन । केहि भई जेठ १४ गते भित्र संविधान जारी गर्न नसके नेताहरुलाई संविधानसभाको म्याद फेरी पनि संविधानसभाबाट थप्नु बाहेक अर्को विकल्प रहदैनन् । सभासद्हरुले संविधानसभाको म्याद थप भयो भने त्यसलाई अनुमोदन गर्ने काम राष्ट्रपतिले गर्नुपर्नेछ । राष्ट्रपतिले त्यसलाई अनुमोदन नगरे संविधानसभा भंग हुने र एक ढंग बाट कू गरेको सरह हुने अवस्था छ । यदि म्याद थपलाई राष्ट्रपतिले अनुमोदन गरे सर्वोच्च अदालतको अवहेलना गरेको ठहर हुने छ । त्यस्तो अवस्थामा राष्ट्रपति विवादमा आउनेछ । त्यसैले जेठ १४ गते पछि राष्ट्रपति विवादमा आउने अवस्था रहेको छ भन्दा केही फरक नपर्ला ।

# भूगोलको आधारमा मात्रै पुनर्संरचना हुनु ठिक होइन

**प्रमोद श्रेष्ठ**

हामी र हाम्रो पहिचान हिमाली, पहाडी, मधेसीमा मात्रै सिमित छैन यो कुरा बुझ्नु जरुरी छ । हामी हिमाली, पहाडी, मधेसीमा पनि गर्व गर्छौं, हामी नेपाली हुनुमा पनि गर्व गर्छौं र साथ साथै हामी ऐतिहासिक लिम्बुवान, खुम्बुवान, नेवा:, मगरात, तमुवान, ताम्सालिङ, थरुवान, मिथिला आदि इत्यादीमा पनि गर्व गर्छौं ।

भौगोलिक प्रदेशहरू वीचमा काँडेवार लाग्दैन तर यो संघीयताको मर्म विपरीत छ । यी निम्न पहिचानहरू भाषा, धर्म, संस्कृति, इतिहास, भूगोल मध्ये कुनै एक वा एकभन्दा बढी साझा भएका समुदायहरू छुट्टिएर होइन एकै प्रदेशमा बस्न खोजेका हुन । त्यसैले भौगोलिक संघीयता हुनु कदापि ठीक होइन ।

धनि–गरिव भन्दा पनि हाम्रो समाजमा जातीय सामुहिक विभेद पनि छ । अर्थात् हालिमुहालि जाति विद्यमान छ । अर्को कुरा कूनै पनि एउटा जातिमा पनि हालिमुहालि वर्ग विद्यमान भएको कुरा नकार्न सकिन्न । यो सबैको समाधान भौगोलिक संघीयताबाट संभव हुन्न ।

पहिचानको संघीयतामा हालिमुहालि जातिको वर्चश्वबाट उन्मुक्ति हुन्छ भने कुनै पनि जातिमा रहेका उत्पीडितलाई प्राथमिकता दिने हो भने यसले समस्याको निकास दिन्छ ।

नयाँ राज्यको माग, छुट्टिने माग राज्यले सम्बोधन नगरेको खण्डमा हुने कुरा नकार्न सकिन्न ।

अहिले सबैलाई समेटिएर जाने प्रस्तावहरू भएका छन, जस्तै स्वशासित क्षेत्र वा इलाका, विशेष अधिकार, आरक्षण आदि कुराहरू छन् ।

निम्न बुँदाहरू सारांश हुन सक्छन ।

१. भूगोलमा सिमित गर्दैमा एकताको विकास हुने होइन, एकताको लागि भावनात्मक सम्वन्धको जरुरत पर्दछ ।

२. उत्पीडनमा पर्ने भनेको भूगोल होइन मानवीय समुदाय, मानवीय समाज हो । मानवीय समुदाय, समाज चेतनशील छ भने भूगोल अमूर्त छ । हिमाल, पहाड, खोला नदी, वनजंगल आदि उत्पीडनमा परेका होइनन् उत्पीडनमा पर्ने मानव समुदाय हुन । मानवीय भावना प्राथमिकता दिने कि अमूर्त कुराहरूलाई यो कुरा मनन गर्नु पर्छ । अर्को कुरा भूगोल मानविय चेतनाको नै मात्र अंश हो । उत्पीडन हटाउनको लागि मानवीय चेतनाको सम्मान हुनु जरुरी छ समस्याको जरोसम्म पुगेर समाधान गर्नुपर्दछ ।

३. भौगोलिक संघीयताले एउटै समुदाय अथवा समाजलाई अलग्ग गर्नसक्छ । यस्तो गर्नु भनेको तिनीहरूको भावनालाई आघात पुऱ्याउनु हो ।

४. यदि भौगोलिक संघीयताले काम गर्ने भए ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्लाले नै पनि काम गर्नु पर्थ्यो । त्यो हामीले देखि सक्यौं ।

५. सबभन्दा पहिलो कुरा यी निम्न पहिचानहरूमा भाषा, धर्म, संस्कृति, इतिहास, भूगोल मध्ये कुनै एक वा एक भन्दा बढी साझा भएका एक भन्दा बढी जातिहरू छन । त्यसैले १०० वा १०० भन्दा बढी जाति भएकोले सबै जातिलाई राज्य भन्ने प्रश्न नै ठीक होइन ।

६. राज्य कुनै जाति विशेष या व्यक्ति विशेषको ईच्छा या मागको आधारमा नभै ऐतिहासिक पृष्ठभूमिको आधारमा हुने हो । यदि कुनै जातिले आफ्नो ऐतिहासिक पहिचान सहित राज्यको माग गर्दछ भने कुरा ठीकै हुन्थ्यो । सबै जातिको ऐतिहासिक पृष्ठभूमीको राज्य नभएको अवस्था छ ।

७. जुन जातिलाई राज्य चाहिने हो यदि उचित छ भने उनीहरू आफै बोल्ने कुरा हुन, कोही प्रवक्ता वा ठेकेदार भएर यसरि बोल्नु ठीक होइन ।

८. सँगै बसेका समाजलाई भावानात्मक ठूलो पर्खालले दुई अलग अलग प्रदेशमा राखेर फेरि समाजलाई एकिकृत गर्दै हुनुहुन्छ कि विभाजन । दुईटा प्रदेशमा हुने वित्तिक्कै उनीहरूको एकृत्रित( संगठित शक्तिमा विभाजन हुने हुन्छ त्यो कदापी जनताले खोजेका होइनन् ।

# गोर्खालीहरूले यसरी कीर्तिपुर जीते



## कीर्तिपुरका शहीदको सम्झनामा : कीर्तिलक्ष्मी



**बिनोद श्रेष्ठ**

कीर्तिपुर शहिद दिवशको सम्झना स्वरुप कीर्तिपुरको महानायक कीर्ति लक्षीको बहादुरीको योगदानको बारेमा छोटकरी वर्णन गर्न चाहन्छु । जब पृथ्वीनारायण शाहले नेपाल एकीकरणको राष्ट्रिय अभियान शुरु गर्न थाले । उनले विभिन्न रणनीति, राजनीतिक दाउपेच, षडयन्त्र, छलकपट आदि विभिन्न तरिकाहरू पनि अपनाउन थाले । जसरी हुन्छ सबै राज्य आफ्नै बागडोरमा पार्न पछि पर्दैन्थ्यो । यस्को फलस्वरुप कीर्तिपुर माथि विभिन्न पटक युद्ध गरेर विजय हासिल गर्न नसकेपछि विभिन्न दाउपेच र छलकपट गरि तेस्रो पटकमा लडाई नै नलडी आफ्नो हातमा पार्न पृथ्वीनारायण शाह सफल भए ।

त्यतिबेलाको परिस्थिति अनुसार कीर्तिपुरको कीर्ति लक्ष्मीको वहादुरी माथि प्रशंसा गर्न प्रसंग योग्य रहेको पाइन्छ । वि.सं.१८१४ जेठ १९ गते गोर्खालीहरूले कीर्तिपुरमाथि पहिलो आक्रमण गरे । यस आक्रमणमा उपत्यकाका तीनै राज्यका सैन्यहरूको सहयोग कीर्तिपुरवासीले पाएको कारण गोर्खालीहरूको नराम्रो हार भयो । कालु पाण्डे लगायत ४०० जति गोर्खाली फौज मारिए । उपत्यकाको तीनवटै राज्यका संयुक्त सैन्यसँग युद्धमा मुकाबिला गर्न नसक्ने कुरा पृथ्वीनारायण शाहले बुझ्न थाले । अत: उनले उपत्यकालाई फुटाउने कुटनीति तरिकाहरू अपनाए ।

उपत्यकामा आर्थिक नाकाबन्दीको कारणले जनजीवन अस्तव्यस्त भई मल्ल राजाको शक्तिक्षीण भएको र पाटनमा त्यहाँका प्रधानहरूको अनुरोधमा पृथ्वी नारायण शाहको भाइ दलमर्दन शाहले राज्य चलाइरहेको मौकामा पृथ्वीनारायण शाहले वि.सं.१८२१ को भाद्रमा दोस्रो पल्ट कीर्तिपुरमाथि आक्रमण शुरु गरे । यस पटकको आक्रमणमा कीर्तिपुरेहरूले कसैको सैन्य सहयोग नपाए पनि आफैंले गोर्खाली फौजलाई हराइदिए । त्यतिबेला शत्रुको पञ्जाबाट जोगाउन कीर्तिपुरका वीर योद्धाहरू, कीर्तिपुरका आइमाईहरूले लोग्ने मान्छेको लुगा लगाएर सुत्केरी आइमाई, बुढाबुढीले समेत गुरिल्लाका रुपमा बहादुरीका साथ युद्ध लडेका थिए । जसमा वीर वीरङ्गना बहादुरी र साहसीक रुपमा कीर्तिपुरका योद्धा "कीर्ति लक्ष्मी"लाई विशेष रुपमा जान्ने गर्दछ । त्यसपछि उनले राज्य सम्हाले र राज्य नायकको रुपमा केटाको भेषमा गोर्खाली सैनिकहरूसँग लडाई लडेर कीर्तिपुरको कीर्ति राख्न सफल भएको कारण उनको योगदानलाई कदर गरेर उनको नामको अगाडि "कीर्ति" भनी सम्मान गर्दै कीर्तिपुरको राजा/रानी स्वरुप मान्दै देव पोखरीको पश्चिमपट्टिको दरवारमा राख्न थाले । त्यसपछि उनी त्यस दरवारबाट केटाको भेषमा निस्कँदा राजा सवार भयो भनी सम्बोधन गर्ने गरिन्थ्यो । उनी सँधै विहान देव पोखरीमा केटाको भेषमा मुख धुन निस्कने गरिन्थ्यो भने दिनको एक जोर लुगा लगाउने गरिन्थ्यो । जसले गर्दा गोर्खालीहरूले कीतिपुरको राजालाई चिन्न निकै गाह्रो थियो । कीर्तिलक्ष्मीकै कारण गोरखालीहरू नराम्रोसँग हारे । यस आक्रमणमा पृथ्वी नारायण शाहले कीर्तिपुरवासीको वीरता र राष्ट्रभक्तको प्रशंसा समेत गरेको पाइन्छ ।

तर त्यतिबेला कीर्तिपुरका चार प्रधानमध्ये एकजना प्रधानले यी सबै रहस्यहरूको खुलासा गोर्खालीहरूलाई गरेपछि यी कीर्तिपुरे आइमाईहरूसँग पनि लडाई गर्न नसकिने भयो भनेर अब "बाङ्गो औंलाले मात्र घ्यू निस्कन्छ" भन्दै ती प्रधानलाई विभिन्न लोभ र लालच देखाएर वि.सं.१८२२ चैत्र ३ गते कीर्तिपुर माथि तेस्रो पल्ट आक्रमण गरे । जसमा बाहिरि गाउँबाट सिधै गुल्पौमा पुगेपछि त्यहाँबाट भित्र पस्नलाग्दा कीर्तिपुरेहरूले रोक्छ र युद्ध हुन्छ । त्यस युद्धमा हालको मजा: देग: बनाइरहेका कीर्तिपुरेहरू पनि शहीद हुन्छ । त्यसपछि त्यहाँ ठूलो मन्दिर बन्न सकेन । अहिले पनि मजा: देग: अर्थात पूरा नभएको मन्दिर भनिन्छ ।

त्यही दिन गोर्खालीहरूले षडयन्त्र र विभिन्न योजना बनाएर त्यही राती युद्ध नै नलडी कीर्तिपुर माथि बेइमान र गद्दार गर्ने ती एकजना व्यक्तिको सहयोग लिएर कीर्तिपुरको कोतघरमा गोर्खालीको झण्डा फहरायो विगुल बजाई कीर्तिपुर आफ्नो हातमा परेको घोषणा गरियो ।

वास्तवमा पहिले पहिले यसरी राती युद्ध लड्ने नियम पनि थिएन, दिउँसो मात्र युद्ध लड्ने चलन थियो । तर ती गोर्खालीहरूले झेल्ला गर्दै, छलकपट गर्दै कीर्तिपुरकै एकजना व्यक्तिलाई हातमा लिएर कीर्तिपुरको आइमाईहरू सँग पनि युद्ध लडेर जित्न सकिदैन भन्ने कुरा थाहा पाएपछि विभिन्न षडयन्त्र गरी युद्ध नै नलडी चुपचापसँग कीर्तिपुरको कोतघर मा गएर गोर्खालीको झण्डा फहराइ कीर्तिपुर विजय भएको घोषणा गरियो र विजय जुलुस निकाल्न थाथे । जुन एकदम लाजमर्दो कार्य गोरखालीहरूले गरे । यो घोषणाको विरोधमा पनि कीर्तिलक्ष्मीले कोतघरमा गएर गोर्खालीहरूमाथि आक्रमण गर्न थाले । तर गोर्खालीहरूमाथि कोतघरमा आक्रमण गर्ने एक्लो केटी भनेर थाहा पाइसकेका कारण उनको केही सीप लागेन र कोतघरमा नै उनलाई बन्दी बनाए । त्यसपछि गोर्खालीहरूले उनलाई आत्म समर्पण गरे मात्र छोडिदिने भने तर उनले कुनै पनि हालतमा यी दुष्ट, धोखेबाजहरूको अगाडि आत्मसमर्पण नगर्ने भनेपछि उनलाई त्यहीं गोर्खालीहरूले बलात्कार गर्न खोजेपछि उनले आफूसँग भिडेर राखेको चक्कु निकालेर आफै माथि प्रहार गर्दै आफ्ना देह त्याग गर्न पुगिन ।

यसरी कीर्तिपुरको "कीर्तिलक्ष्मी" ले गोर्खालीहरूसँग आत्मसमर्पण नगरी आफ्नो वीरङ्गना र बहादुरी प्रस्तुत गरेर देखाए । त्यो नै कीर्तिपुरवासीको लागि इज्जत राख्न सके । आज उनी नभए पनि कीर्तिपुरवासीको ढुकढुकीमा रहन सफल छिन । उनी पनि त्यतिबेलाको वीर शहीदको रुपमा कीर्तिपुरका बासिन्दाहरूले मनन गर्नु पर्दछ भन्दै मेरो हृदयदेखि नै यी वीर शहीदको सम्झनामा कीर्तिपुरकै "कीर्तिलक्ष्मी" लाई सम्झँदै मेरो लाल सलाम !!

# हार्दिक बधाई



कीर्तिपुरका क्रियाशिल एवं युवा पत्रकार

**श्रीकृष्ण महर्जन**

नेवा: पत्रकारहरूको राष्ट्रिय संगठन 'नेवा: पत्रकार राष्ट्रिय दबू'को अध्यक्ष पदमा सर्वसहमतिवाट निर्वाचित भएकोले उहाँको कार्यकाल सफलताका कामना गर्दै कीर्तिपुरको सवालमा अझ बढि संचार क्षेत्रमा योगदान गर्न सकोस भनी कामना गर्दछौं ।

**प्रो. विनोद महर्जन**

**Better Collection**

नयाँ बजार, कीर्तिपुर

फोन. नं. ४३३१९२७

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

**नेपालभाषा —— नेपाली भाषा**

| | |
|---|---|
| न्यय्खुगू– छपन्न | न्हय्च्यागू - अठहत्तर |
| न्यय्न्हय्गू – सन्ताउन्न | न्हय्गुगू - उनहत्तर |
| न्यय्च्यागू – अन्ठाउन्न | चय्गू - अस्सी |
| न्यय्गुगू – उनान्साठी | चय्छगू – एकासी |
| खुइगू – साठी | चय्निगू – बयासी |
| खुइछगू– एकसाठी | चय्स्वंगू – त्रियासी |
| खुइनिगू – बासठी | चय्प्यंगू – चौरासी |
| खुइस्वगू – त्रिसाठी | चय्न्यागू – पचासी |
| खुइप्यंगू– चौसाठी | चय्खुगू – छयासी |
| खुइन्यागू – पैंसाठी | चय्न्हय्गु – सतासी |
| खुइखुगू – छैंसाठी | चय्च्यागू – अठासी |
| खुइन्हय्गु – सरसाठी | चय्गुगू – उनान्नब्बे |
| खुइच्यागू – अरसाठी | गुइगू – नब्बे |
| खुइगुगू – उनान्सत्तरी | गुइछगू – एकानब्बे |
| न्हय्गू – सत्तरी | गुइनिगू – बयानब्बे |
| न्हय्छगू – एकहत्तर | गुइस्वंगू – त्रियानब्बे |
| न्हय्निगू – बहत्तर | गुइप्यंगू – चौरानब्बे |
| न्हय्स्वगू – त्रियोत्तर | गुइन्यागू – पन्चानब्बे |
| न्हय्प्यंगू – चौहत्तर | गुइखुगू – छयानब्बे |
| न्हय्न्यागू - पचहत्तर | गुइन्हय्गू – सन्तानब्बे |
| न्हय्खुगू – छयोत्तर | गुइच्यागू – अन्ठानब्बे |
| न्हय्न्हय्गू – सत्तहत्तर | गुइगुगू – उनान्सय |

# एशियाकप क्रिकेट पाकिस्तानको हातमा



**नवीन महर्जन**

बङ्गलादेशको ढाकामा संचालित एसिया कप क्रिकेट गत चैत ९ गते विहीवार सम्पन्न भएको छ। पाकिस्तान र आयोजक वङ्गलादेश विच भएको फाइनल खेलमा टस जिति बङ्गलादेशले पाकिस्तानलाई बाटिङ बाटिङको लागि निम्तो गरी बोलिङ रोजेको थियो । निर्धारित ५० ओभरमा पाकिस्तानले ९ विकेटको क्षतिमा २३६ रन बनाएको थियो । पाकिस्तानको लागि सर्वाधिक रन सरफराज अहमदले ४६ रनको योगदान गरेको थियो।

जवाफमा आयोजक बङ्गलादेशले ५० ओभरमा ८ विकेटको क्षतिमा केवल २३४ र नमा सिमित भई २ रनले पराजित भयो। बङ्गलादेशको निमित सकिब अल हसनले सर्वाधिक ६८ र तमिम इकवालले ६० रन बनइएको थियो। तर यो जितको लागि प्रयाप्त भएन। यस प्रतियोगितामा अजाज चिमाले ३ विकेट लिई पाकिस्तानको जितमा ठूलो योगदान गरेको थियो जस्ले गर्दा जित हासिल गर्न सफल भएको थियो। यस प्रतियोगिताको म्यान अफ द म्याच शहिद अफ्रिदी हुन सफल भएको थियो। ३२ रनको बाटिङ्ग सहित, बोलिङ्गमा पनि उत्कृष्ट प्रदर्शन गरेको थियो। त्यसैगरी म्यन अफ द सिरिजको उपाधि बङ्गलादेशको तमिम इकबालले प्राप्त गरेको थियो ।

समग्रमा यो फाइनल खेल निकै रोमान्चक भएको थियो । बङ्गलादेशले यो प्रतियोगिताको सफल आयोजनाको साथै निकै उत्कृष्ट प्रदर्शन पनि गरेको छ। बङ्गलादेशले लिग चरणमा भारत र श्रीलंकालाई पराजित गरी फाइनलमा पुगेको थियो । फाइनलमा पाकिस्तानसँग निकै संघर्ष गरेको थियो तर नाटकिय ढङ्गमा पाकिस्तान मात्र २ रनले विजय भएको थियो । अन्तिम बलमा बङ्गलादेशलाई जितको लागि ४ रनको आवश्यक थियो तर बङ्गलादेशले केवल २ रन मात्र जोड्न सफल भयो र अन्तमा २ रनले हारिन पुग्यो।

उपस्थित सम्पूर्ण दर्शक र बङ्गलादेशको खेलाडिहरूको आँखामा बरबर आँशु भएको थियो। वास्तवमा बङ्गलादेश कुनै पनि ठूलो प्रतियोगिताको फाइनल सम्म पुगेको यो पहिलो थियो । साथै यो प्रतियोगितामा उनको प्रदर्शनलाई सम्पूर्ण क्रिकेट प्रेमी र खेलाडिले तारिफ गरेका थिए । पाकिस्तानी टिमले समेत बङ्गलादेशको यूवा खेलाडिहरूको प्रशंसा गरेको थियो ।

यस प्रतियोगिताबाट नेपालले धैरै कुरा सिक्न सकिन्छ। वास्तवमा बङ्गलादेशले यो दश वर्षको मेहनतले क्रिकेट खेललाई निकै आत्मसाथ गर्दै धैरै सुधार गरेको देखिन्छ। एशिया लगायत विश्वका कुनै पनि क्रिकेट टिमसँग चुनौती दिने अवस्थामा पुग्न सफल भएको छ । यदि हामीले पनि क्रिकेट लगायत अन्य खेलमा विशेष योजना बनाएर अगाडि बढेमा अवश्य सफलता हात पार्न सकिन्छ । खेलमा हार र जित अवश्य हुन्छ तर मेहेनत, उत्साह एवं हौसला सधैँ रहिरहनु पर्दछ यो कुरालाई सधैँ मनन गर्नु पर्दछ।

स्मरणरहोस यस प्रतियोगिताको लिग अन्तर्गतको खेलमा भारतका महान क्रिकेट खेलाडि सचिन तेन्दुलकरले अन्तर्राष्ट्रिय क्रिकेटमा शतकको शतक बनाएको थियो बङ्गलादेश विरुद्ध तर उक्त खेलमा भारत पराजित भएको थियो र बङ्गलादेशलाई फाइन पुग्न ढोका खोलेको थियो। सचिन तेन्दूलकरको यो शतकले उसलाई विश्वका क्रिकेट प्रमिहरूले प्रशंसा गरेका थिए। क्रिकेट खेलमा शतकको शतक भनेको विश्व कीर्तिमानी शतक हो । यो कीर्तिमानी राख्ने सचिव मात्र एक हुन ।

त्यसैगरी यू.ए.ई.मा सम्पन्न आईसीसी वर्ल्ड ट्वान्टी ट्वान्टी क्रिकेटको छनौट खेलमा नेपालले प्ले अफमा पपुआगिनी माथि ६ विकेटको जितले सातौं स्थानमा रहन सफल भएको छ। साथै समूह चरणमा भएको हारको बदला पनि लिन सफल भयो । यस खेलमा पपुवागिनीले बनाएको १३० रनको लक्ष्यलार्य नेपाली टोलीले ४ विकेटको क्षतिमा एक बल बाँकी छँदै लक्ष्य पार गर्दै विजय भएको थियो । यस आई सी सी वर्ल्ड ट्वान्टी ट्वान्टी अन्तर्गत अफगानिस्तान छनौट भइसकेको छ भने गत शनिवार भएको खलेमा आएरलैण्डले नामिबियालाई ९ विकेटले हराई आइसीसी वर्ल्डकप ट्वान्टी ट्वान्टीको लागि छनौट भएको छ।

स्मरणरहोस् यी छनौट भएका दुई राष्ट्र सहित विश्व ट्वान्टी ट्वान्टी खेल आउँदो सेप्टेम्बर महिनामा श्रीलंकामा संचालन हुने कार्यक्रम रहेको छ।


# हार्दिक समवेदना

जन्म
वि. सं.
१९८२



निधन
२०६८ चैत्र ८
गते विहिवार

यस कलेज व्यवस्थापन समितिका अध्यक्ष बरिष्ठ समाजसेवी श्री हरिशरण महर्जनका ममतामयी माता **कान्छी महर्जन**को यही २०६८ चैत्र ८ गते बिहिवारका दिन ८६ बर्षको उमेरमा असामयिक निधन भएकोले हामीलाई निकै मर्माहित बनाएको छ। यस दुःखद् घडीमा मृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं। साथै शोकग्रष्ट परिवार तथा आफन्तजनमा धैर्य धारणा गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामना गर्दछौं।

## शहीद स्माकर कलेज

परिवार नयाँबजार, कीर्तिपुर -३



# हार्दिक समवेदना

जन्म
वि. सं.
१९८२



निधन
२०६८ चैत्र ८
गते विहिवार

यस संस्थाका संस्थापक, भूपु अध्यक्ष तथा हाल सल्लाहकार श्री हरिशरण महर्जनका ममतामयी माता **कान्छी महर्जन**को यही २०६८ चैत्र ८ गते बिहिवारका दिन ८६ बर्षको उमेरमा असामयिक निधन भएकोले हामीलाई निकै मर्माहित बनाएको छ। यस दुःखद् घडीमा मृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं। साथै शोकग्रष्ट परिवार तथा आफ्नतजनमा धैर्य धारणा सकोस् भनि कामना गर्दछौं।

## कीर्तिपुर यातायात क. लिमिटेड

परिवार नयाँबजार, कीर्तिपुर -३

# थुनुवाको डायरी–३७



## २०६७/०७/३० मंगलवार एकचालिस दिन

*गतांकको बाँकी*

एउटा कम्यूनिष्ट पार्टीको केन्द्रिय कमिति र स्थायी समिति सदस्य जस्तै हुन । अरू हामी पब्लिक हौं । यहाँ सबैजनाले समान खाना पाउँछन । पेटभरि खान पाइन्छ । यहाँबाट दिने खाना बाहेक अरू खान चाहन्छ भने आफ्नो पैसा तिरेर खानुपर्छ । यहाँ काम गर्न सक्ने र काम गर्न चाहनेहरूको लागि काम पनि छ । यहाँ सबै समान छन । कसैले कसैलाई होच्याउने, हेला गर्ने भन्ने छैन । यहाँ स्वच्छन्द रुपले कसैले पनि मन लागेको गर्न पाईंदैन । यहाँ थुक्ने, चुठ्ने, मुट्ने र हग्ने निश्चित ठाउँ छ । त्यही नियम सबैले पालना गरेकोले यहाँ सफा सुग्घर छ ।

६ बजे समाचार सुन्दै ग्राउण्डमा घुम्न थालें । आजकल म अलि मोटाएको छु । त्यसैले मेरो ढाड दुख्न थालेको छ । पेटी बाँधेर घुमिरहें । हिजो पनि बुहारीले डैडी मोटाउनु भएको हो कि मुख सुनिएको हो भनेर ममीले सोधिरहनु भएको भनिन् । म छक्क परें । म मोटाएको भन्ने घरका मानिसहरूले विश्वासै गर्न सकेको छैन । कस्तो विड–म्बना ! आफ्नो आँखा अगाडि प्रत्यक्ष देखिरहेको कुरालाई विश्वास गर्न त मान्छेलाई गाह्रो छ भने आफ्नो आँखाले नदेखेको कुरामा कसरी विश्वास गर्छ ? त्यसैले त मेरा समर्थक, आफन्त, नातेदारहरूले ती बच्चाहरूले जतिसुकै भने पनि मैले यौन दुर्व्यवहार गर्‍यो होला भनेर विश्वास गर्न सकेका छैनन् । अर्कोतिर मेरा शत्रुहरू मदेखि डाहा गर्नेहरुलाई मैले जतिसुकै बच्चाहरूलाई यौन दुर्व्यवहार गरेको छैन भन्दा पनि विश्वास गरेको छैन । त्यसैले त मान्छे पिच्छे कुरा फरक छैन ।

सात बजे दूधवाला चिया पिएर ओमशान्ति हलमा गएँ । आज पनि सुदिप भाइजीले आउनु भएको छ । म जाँदा उहाँले मुरली सुनाइरहनु भएको थियो । मुरली पछि उहाँले सृष्टि चक्रको बारेमा प्रवचन दिन भयो । उहाँको भनाई अनुसार सत्ययुगमा मानिसहरूको ८ जन्म लिन्छ । त्रेतायुगमा १२ जन्म लिनुपर्छ । पहिले कृष्ण भन्दा त्रेतायुगमा मानिसको मनमा र विचारमा विकार पैदा भयो । त्यसैले त कृष्णको हातमा सुदर्शन चक्र र रामको कांधमा धनुषवाण भिराइ दिएको छ । यो भनेको दानव असूरहरूलाई विनाश गरेको प्रतिक हो । त्यसपछि द्वापर युग आयो । द्वापर युगसम्म आउँदा मानिसमा धर्मको चेतना कम हुँदै गयो । पृथ्वीमा काम, क्रोध, लोभ, मोह र अहंकार बढ्न थाले । जसले गर्दा द्वापर युगमा मानिसले २१ जन्म लिनु पर्ने भयो । यही समयमा मानिसहरूलाई सद्बुद्धि दिन र राम्रो चरित्र निर्माण गराउन विभिन्न धर्मको प्रादुर्भाव भयो । बुद्ध धर्म इस्लाम धर्म, क्रिश्चियन धर्म आदि । अहिलेको युग भनेको कलियुग हो । यो कलियुगको अन्त्य हो । यस युगमा मानिसले ४२ जन्म लिनुपर्छ । १ जन्म विशेष जन्म हुन्छ । यसरी मानिसले एक चक्करमा ८४ जन्म लिनुपर्छ ।

आज मलाई भेट्न को आउँछ होला ? आए छोरा त आउला नि । हिजो छोरा आएन । त्यसैले आज आउँछ कि जस्तो लागिरहेको छ । आज छोरा आयो भने तिहारमा खिचेको फोटो घरमा पठाउने भनेर खल्तिमा र खेर हिंडेको छु । १ बजेसम्म पनि माईकबाट मेरो नाम नबोलाएपछि मलाई कोठामा बसिरहन मन लागेन । म बाहिर गएँ ।

आज परशुराम खड्काको जिल्ला अदालतमा पेशीको दिन । उसलाई पनि एउटी लाटी केटीलाई बलात्कार गर्न खोजेको भन्ने आरोपमा मुद्दा चलाएर पुर्पक्षमा पठाएको छ । ऊ र उसको श्रीमती मिलेर करणी प्रयास गरेको आरोप लगाएर गिरफ्तार गरेको थियो । अदालतमा थुनछेकको बहस हुँदा उसको श्रीमतीलाई बीस हजार रुपैयाँ धरौटीमा छाड्यो । उसलाई पुर्पक्षको लागि थुनामा पठायो ।

१.३० बजे दिनेश र म चिया खान गएँ । छोरा आएन । मलाई साह्रै नरमाइलो लाग्यो । कोठामा आएर डायरी लेख्न लागेको बेला माईकबाट नजरमान महर्जन भनेर तीनचोटि बोलायो । घडी हेरेको त २.१५ बजि सकेछ । यतिबेला को आएको होला भनेर दौडेर ढोकामा गएँ । बाहिर हेरेको त छोरानै आएको रहेछ । मेरो मन ढुक्क भयो । छोराको हातमा हटकेश देखें । आजकल म साह्रै आशाकुति भएको छु । घरको मान्छे कोही आयो कि खानेकुरो ल्यायो कि भन्ने आशा जागेर मेरो आँखा उनीहरूको हात या बैगमा जाने भैसक्यो ।

छोरासँग कुराकानी भयो । म जेलमा परेर गाउँका मान्छेहरूले मनपरी कुरा गर्न थालेछ । मनगढन्ते कुरा गरेर मेरो श्रीमतीको दिमाग खराब गरी दिएछ । अस्ति त्यस्तै कुरा सुनेर श्रीमतीलाई रिंगटा लागेर ढलिन । ढल्दाखेरि भित्तामा ठोकेर निधारमा घाउ भएछ । अस्ति मलाई भेट्न आउँदा घाउको खत देखेको थिएँ । कसरी घाउ भएको भनेर सोधेको थिएँ । ठोकेर घाउ भएको भनेकी थिइन ।

"डैडीलाई सुरेन्द्रले नगर कमिटीबाट निलम्बन गर्नु भएको छ । अदालतबाट मुद्दानै छिनेको छैन निलम्बन गर्‍यो भनेर ठूलो बा र अरूहरू रिसाउनु भएको भएको छ । ममीले तपाईंको मुख सुनिएको हो कि भनेर चिन्ता लिइरहनु भएको छ ।"

"म मोटाएको हुँ भनेर तिम्रो तिम्रो ममीलाई कसरी विश्वास दिलाउँ ? ल तिहारमा खिचेको केही फोटाहरू छन तिम्रो ममीलाई देखाउ ।" भनेर दशवटा फोटाहरू दिएँ । जसमा म सुत्ने कोठा र ओमशान्ति हल सबैको दृश्यहरू छन ।

आज पनि ३ गतेको पेशीमा म छुट्छु भनेर छोराले आश्वासन दिएर गयो । अब यो कुराले पनि मलाई खासै प्रभाव पारेन । म छुटे पनि ठिकै छ । नछुटे पनि ठिकै छ । किन टेन्शन लिने ? अस्ति २५ गते पेशी सर्दा मलाई कस्तो टेन्शन भएको थियो । मैले तीनरात छटपटाएर बिताएँ । अहिले पनि पीर लिएर म दुब्लाउन चाहन्न ।

निरजले मलाई ममः ल्याई दिएको छ । भान्सामा गएर ममः खाएँ । आज मशान्तिको दिन । जेल जीवनको महत्वपूर्ण दिन । महिनाभरि उधारो खाएको पैसा आज तिर्नुपर्छ । तिरेन भने कारावाही हुन्छ । त्यसैले आज होटल, पसल, चिसो पसल जताजतै मानिसहरू सलबलाइ–रहेका छन । प्राइवेटमा खाना खानेहरूलाई दालको पैसा लिन बोलाइरहेको छ । भान्सामा साधारण तरकारी खानेहरूले पनि आ-आफ्नो खाना खाने भान्साबाट तीनसय रुपैया पाइरहेका छन । मजस्तो स्पेशल तरकारी खानेहरूले दालको पैसा पाउँदैन । मैले त एकपैसा उधारो खाएको छैन । त्यसैले मलाई कुनै टेन्शन छैन ।

आज परशुराम खड्कालाई दुईबजे अदालत लगेको थियो । चारबजेनै फिर्ता ल्यायो । के भयो भनेर सोधेको त बहस भएन भन्यो ।

आज जाहेरीवालीको बकपत्र हुनुपर्ने । जाहेरीवाली ती लाटी केटीलाई संस्थाका मानिसहरूले चारैतिरबाट घेरा हालेर ल्याएका थिए । तर समयले भ्याएन भनेर फर्कायो । उसलाई पनि संस्थाले नै फसाएको थियो । एउटी लाटी केटी उसको घरमा काम गराउन राखेको थियो । ती केटीले उसको स्वास्नीको सुनको तिलहरी, सुनको सिक्रि र औठी चोरेर सानी आमाकहाँ भागेर गइन । परशुरामको श्रीमतीले प्रहरीमा जाहेरी दिएर प्रहरीको मद्दतले ती केटीलाई समातेर ल्याएर केरकार गरेपछि तिल–हरी र सिक्रि दियो । औंठी दिएन । अनि उनलाई लोग्ने स्वास्नी मिलेर पिट्दै केरकार गर्न थालेछ । पिट्दा केटीको निधार मा हातमा घाउ भएछ । त्यही बेला केटीको सानी आमा संस्थाका मानिसहरू लिएर आएछ । अनि लोग्ने स्वास्नी मिलेर केटीको बलात्कार गर्न खोजेको भन्ने प्रहरीमा जाहेरी दिएर दुबैजनालाई गिरफ्तार गरेर लगेर २५ दिन बौद्ध थानामा राख्यो । त्यसपछि उसलाई जेल पठायो । यो जवर जस्ती करणी उद्योग आरोप हुनै नसक्ने आरोप हो । कुनै पनि स्वास्नीले आफ्नो आँखा अगाडि लोग्नेले कसैसँग यौन सम्पर्क राखेको हेर्न सक्दैन । तर यो आरोप लगाउँदा विपक्षीलाई कम्तिमा पनि छ महिना थुनाउन सकिन्छ । आज बेलुका नौबजे नम्बर लाग्यो । भोलि मंसिर १ गतेदेखि भान्सा फेर्ने कोही छ भनेर सहनाईकेले सोध्यो । मैले चार नम्बर भान्सामा खाने भनेर लेखाएँ । नम्बर पछि पनि म उपन्यास लेखिरहें । सबैजना मस्त निदाइ सकेपछि रातको साढे दश बजेमात्र सुतें ।

*क्रमश .....*


# New Admission Open
**In**
## Panga Secondry School

One of the pioneering school in the entire realm
**Of**
Kirtipur region in southern belt of Ktm. Valley
Play Group/Nursery-Grade IX ;seats are limited
Grab the Opportunities

**शै. ब. २०६९ को लागि यस पाँगा माध्यामिक विद्यालयमा**

**For**
**Your children's Exc**ellency
Ttansportation facility available

**प्लेग्रुप/नर्सरीदेखि कक्षा ९ सम्म नयाँ विद्यार्थीहरु भर्ना लिइदैछ।**

For more details, Please **Contact: 4330069** (10 AM-3PM)
e-mail:Psschool@wlink.com.np



# आवश्यकता

**यस सहकारी संस्थामा तपसिल बमोजिम शैक्षिक योग्यता भएका दक्ष तथा अनुभवी सहायक प्रबन्धकको आवश्यक भएकोले योग्यता पुगेका सम्बन्धित सबैले २०६८ चैत्र मशान्तसम्ममा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिगत विवरण सहित दरखास्त आह्वान गरिएको छ ।**

१) ***पद :*** **सहायक प्रवन्धक**
२) ***शैक्षिक योग्यता :*** **बीबीएस/बीबीए**
३) ***उमेर :*** **३५ वर्षदेखि ४५ वर्षसम्म**
४) ***अनुभव :*** **उक्त पदमा कम्तिमा २ वर्षको अनुभव**
५) ***पारिश्रमिक :*** **संस्थाको नियमानुसार**
६) ***सम्पर्क मिति :*** **२०६९/०१/०३ गते (कार्यालय समय भित्र)**

**सिष्टमेटिक सेभिङ्ग एण्ड क्रेडित को-अपरेटिभ लि.**
**हनुमानघाट, पाँगा रोड**
**फोन नं.४३३२०२०, ४३३६३११**

# नयाँ बजारमा खतरानाक मोटरसाइकल दुर्घटना



**कीर्तिपुर सन्देश /**

गत चैत १२ गते आइतवार साँझ करिव ५ बजेकीर्तिपुरको लोकतान्त्रिक चोकमा भयंकर खतरनाक किसिमले मोटर साइकल लाई ट्रिपरले ठक्कर दिई दुर्घटना भयो।

गणतान्त्रिक चोकमा ना.२० प ६५६४ नम्बरको मोटरसाईकल उकालो चढ्दै थियो। त्यसको पछाडि गिट्टी बोकेको बा.२ ख. ५४३६ नम्बर को ट्रिपर उकालो चढ्न पूरा मोसमका साथ आइरहेको बेला उकालो चढ्ने वित्तिक्कै ट्रिपरले मोटर साईकलको पछाडिपट्टि ठक्कर दिएको थियो। मोटर साईकलाई ठक्कर दिने बित्तिक्कै मोटर साईकल चालक मोटर साईकलबाट हामफालेर बाटा किनारा पुगे। ट्रिपरले ब्रेक समाउन्जेल कालो रंगको होण्डा मोटरसाईकल सिंगै सो गाडी मुन्तिर परिसकेको थियो।

यदि मोटर साईकल चालक हाम्फालेर नपन्छिएको भए उसको शरीर धुलो पिठो हुन्थ्यो होला। मोटरसाईकलको पछाडिको भाग कच्याक कुचुक्क भएको देख्नेहरू आश्चर्य भएका थिए।



दुर्घटना हुने बित्तिक्कै ट्रिपर चालक दर्शकको आँखा छलेर भाग्न सफल भयो। मोटर साईकल चालक त्रसित भएर पन्ध्र मिनेटसम्म बोल्ने स्थितिमा थिएन। त्यस दुर्घटना पश्चात प्रहरीहरू आई ट्रिपर ब्याक गरेर मोटरसाईकल निकालियो। मोटर साईकल चालक मोरंग जिल्ला उर्लावारी निवासी चन्द्र प्रशाद लुईतेलले पुनर्जन्म पाउनु भयो। मानवीय क्षति नभएकोले धादिंग निवासी ट्रिपर चालक पुष्पराज रिजालले पनि जेल यात्रा गर्नबाट समेत बचियो। कीर्तिपुर प्रहरीमा पुगी ट्रिपर पक्ष र मोटरसाईकल पक्ष वीच सम्झौता भइ मिलापत्र भइसकेको कुरा प्रहरी प्रभाग कीर्तिपुरले कीर्तिपुर सन्देशलाई जानकारी दिएको छ।


# हार्दिक बधाई ! हार्दिक बधाई !!



कीर्तिपुरका युवा एवं क्रियाशिल पत्रकार **श्रीकृष्ण महर्जन** 'नेवाः पत्रकार राष्ट्रिय दबू'को अध्यक्ष पदमा सर्वसहमतिवाट निर्वाचित भएकोले उहाँको कार्यकाल सफलताका साथै कीर्तिपुरको सवालमा अझ बढी संचार क्षेत्रमा भूमिका निर्वाह गर्न सकोस भनी कामना गर्दछौं।

**विदुरलाल महर्जन**

**खासीबजार,कीर्तिपुर**

# Hill Town International Higher Secondary School

Bagh Bhairab Sthan, Kirtipur

Anounces

# ADMISSION OPEN

for classes from Play Group to Grade 5 in limited Seats

**Fully committed to the overall development of your child**

For further Details :

**Hill Town Int'l H.S. School**
**Bagh Bhairab Sthan, Kirtipur**
**Phone : 4331739, 4331407**

"We don't give by fishing but we give the fishing technique"

# New Admission Open

Baghbhairav Boarding High School located at the heart of Kirtipur announces the new admission open from Play Group to class Nine for the Academic Session 2069

**Why Baghbhairav Boarding High School ?**

- for the all round development of the learners.
- Decent guidance and counselling to the children.
- Punctual transportation.
- Hygenic Canteen.
-Qualified, experienced and energetic facilitators.
- Regular co-curricular and extra curricular activities.
- Sound sports coach with grand sports meet.
-Propet physical facilities with sufficient playground.
- 100% SLC result
-Scholarship for the highest score of each class after every Terminal exams.

Principal
contact : 01-4330141
Mobile : 9841305364,9841270529
Kirtipur -17, Nayabazaar



# भिंतुना !
# भिंतुना ! !
# भिंतुना ! ! !

थुगु दाफा गुथिया दुजः किपू देय्‌पुखू त्वाःया
पत्रकार **श्रीकृष्ण महर्जन**
'नेवाः पत्रकार राष्ट्रिय दबू'या नायः पदय्
सर्वसहमतिं निर्वाचित जुयादीगुलिं वय्‌कःया कार्यकाल
सुथां लायेमाः नापं नेवाःतय्‌गु हक अधिकारया सवाल
व किपूया बारे अझ अप्वः संचार ख्यलं भूमिका
म्हिते फयेमाः धकाः भिंतुना बियाच्वना ।

**इताछैं–ह्‌वाकुंचा दाफा खलः** सकल जः
बाघभैरव, किपू

# त्रिवि सेवा आयोगमा मंकाः परिषद्‌द्वारा तालाबन्दी

**कीर्तिपुर सन्देश**

त्रिभुवन विश्व विद्यालय सेवा आयोगले गत चैत्र ११ गते शनिवार विभिन्न पदका लागि खुल्ला प्रतियोगिताबाट कर्मचारी भर्ना गर्न विज्ञापन निकालिएकोमा कीर्तिपुरवासीलाई बेवास्ता गरिएको भन्दै नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले सो कार्यालयमा तालाबन्दी गरिएको छ ।

मंकाः परिषद्‌का कार्यकर्ताहरू हिजो मंगलवार त्रिविको सो कार्यालयमा पुगी जग्गा अधिग्रहण गर्दाखेरी कीर्तिपुरवासीलाई हरेक क्षेत्रमा प्राथमिकता दिने भनी तत्कालिन सरकारले सूचना समेत जारी गरेको कुरालाई हाल आएर त्रिविले बेवास्ता गरी उक्त विज्ञापन निकालिएको भन्दै आपत्ति प्रकतका साथ तालाबन्दी गरिएको हो ।

सो विज्ञापनमा कीर्तिपुरवासीलाई प्राथमिकता दिने कुरा उल्लेख नगरिएको साथै कीर्तिपुरवासीको माग सम्वोधन नगरिएको कारण तालाबन्दी गरिएको नेवाः स्वायत्त राज्य मंकाः परिषद्‌ले जनाएको छ ।

परिषदले कीर्तिपुरवासीलाई छुटै कोटाको व्यवस्था गरिनु पर्ने अन्यथा कीर्तिपुरवासीको हक अधिकारका लागी संघर्ष गर्ने समेत जनाएको छ । सो क्रममा मंकाः परिषद्‌का कार्यकर्ताहरूले आयोगको फारम वितरण कक्ष र आयोग प्रमुखको कार्यालयमा समेत तालाबन्दी गरिएको थियो । त्यसरी तालाबन्दी गरिएको समयमा त्रिविले सुरक्षाका लाीग प्रहरी तैनाथ गरिएको थियो ।

तालाबन्दी पश्चात त्रिभुवन विश्व विद्यालयका उपकुलपति कीर्तिपुरवासी प्रा. डा. हिराबहादुर महर्जनसंग नेवाः स्वायत्त राज्य मंकाः परिषद्‌का कार्यकर्ताहरूवीच छलफल समेत भएको थियो ।

सो क्रममा उपकुलपति महर्जनले कीर्तिपुर वासीको माग आफूलाई जनाकार रहेको बताउदै कीर्तिपुरवासीलाई त्रिविमा सहभागी गराउने सन्दर्भमा आफू छलफल गर्न तयार रहेको समेत बताउनु भएको थियो ।

त्रिविले उपत्यका बाहिरका क्याम्पसहरूका लागि ६० प्रतिशत माग गरिएको नयाँ कर्मचारी भर्नामा जम्मा विभिन्न २० पदमा गरि १३९ जना माग गरिएको थियो ।

स्मरण रहोस् नेवाः स्वायत्त राज्यका लागि कीर्तिपुरमा नेतृत्वदायी भूमिका खेल्दै आएको नेवाः स्वायत्त राज्य मंकाः परिषद्‌ले त्रिविमा कीर्तिपुरवासीको अग्राधिकार हुनुपर्ने माग गर्दै लामो समयदेखि विभिन्न चरणमा आन्दोलन जारी राखेको छ ।

## हार्दिक बधाई ! हार्दिक बधाई !!



कीर्तिपुरका युवा एवं
क्रियाशिल पत्रकार
**श्रीकृष्ण महर्जन**
'नेवाः पत्रकार राष्ट्रिय
दबू'को अध्यक्ष पदमा
सर्वसहमतिवाट निर्वाचित
भएकोले उहाँको कार्यकाल
सफलताको कामना गदै
नेवाः स्वायत्त राज्य र
कीर्तिपुरको सवालमा अझ
बढि संचारक्षेत्रमा भूमिका
निर्वाह गर्न सकोस भनी
कामना गर्दछौं ।

**विनोदलाल महर्जन**
**खासीबजार,कीर्तिपुर**


# UJJWAL SHISHU NIKETAN ACADEMY

Sahidpath, Panga, Kirtipur-11

The School with qualified dedicated, and experienced faculty members and scholars
The School having 100% outstanding First Division SLC Result with Remarkable Dinstinctions since 2054 BS
The with its own spacious and serene surrounding.
The School has well managed hostel.
Transportation facilities for distance students.
Other modern physical facilities for overall development of the students




For Detail :
Please contact at School office,
**Phone : 4330300, 4333529**

# नीलः सांस्कृतिक पुचः तालिममा अग्रसर
# ध्यःला धिमे बाजं खलःद्वारा कार्यक्रम प्रस्तुति





कीर्तिपुर/ नीलः सांस्कृतिक पुचः कीर्तिपुरको सहयोगमा कीर्तिपुरको ढोकासीमा ध्यःला धिमेबाजं खलः द्वारा शुरु गरेको धिमे, बाँसुरी, खिँ, मादल आदिको प्रशिक्षण विगत पाँच महिनादेखि संचालन गरिरहेको थियो ।

यही २०६८ फागुन २२ गते सोमबार प्रशिक्षार्थीहरूद्वारा लोक धुन र धिमे बाजा बजाएर गुरुहरूलाई सुनाउनु भएको थियो । उक्त कार्यक्रममा नीलः सांस्कृतिक पुचःका संस्थापक अध्यक्ष तथा व्याण्ड म्यानेजर एवं गुरु तेज मान बज्राचार्य, नीलःसांस्कृतिक पुचःका विशेष सल्लाहकार नेम सिंह नँकःमि, नेपाः राष्ट्रिय पार्टी कीर्तिपुर लागाका अध्यक्ष कृष्ण हरि महर्जन, खीं गुरु उज्ज्वल महर्जन, बासुरी र धिमे गुरु अनुप महर्जन लगायत टोलका थकालीहरू पनि उपस्थित भएका थिए । कार्यक्रमको क्रममा तेजमान बज्राचार्यले आयोजकलाई धन्यवाद दिनु हुँदै उहाँले विगतमा नीलः सांस्कृतिक पुचःले भोग्नु परेका संघर्ष र दुःखका क्षणहरूको चर्चा गर्नुभएको थियो । कुनै पनि सांस्कृतिक समूह दीर्घकालीनसम्म संचालन गरी राख्न डबलीको आवश्यक पर्ने कुरामा उहाँले जोड दिनु भएको थियो ।

यदि यस ध्यःला धिमे बाजं खलःका प्रशिक्षार्थीहरूले आफूले सिकेको कला प्रस्तुत गर्न डबली पाएन भने कुनै पनि समयमा लोप हुने कुरा पनि उहाँले सम्झाउनु भएको थियो । तर नीलः सांस्कृतिक पुचःसँग डबली भएको कारणले दीर्घकालीनसम्म संचालन भइरहने दाबी गर्नुभयो । त्यस्तै नेम सिंह नँकःमिले आफूलाई यस कार्यक्रममा सहभागी गराउनु भएकोमा आयोजकलाई धन्यवाद दिनु हुँदै खुशी व्यक्त गर्नुभएको थियो । साथै उहाँले प्रशिक्षार्थीहरूलाई अझ मिहिनेत गरी यो भन्दा पनि राम्रो गर्नुपर्ने र शिक्षालाई पनि सँगसँगै लानुपर्ने सुझाव दिनु भयो । आर्थिक संकलनको सवालमा उहाँले अर्काको मात्र भर नपरी आफ्नो समूहका साथीभाइहरू मिलेर प्रत्येक दिन एक रुपियाँको दरले संकलन गरेमा एक वर्षमा ठूलो रकम जम्मा हुने कुरामा पनि जोड दिनु भएको थियो । त्यस्तै गरी कृष्णहरि महर्जनले प्रशिक्षार्थीहरूको मिहिनेतलाई कदर गर्नुहुँदै खुशी व्यक्त गर्नुभएको थियो । ध्यःला समाजमा बाजाको प्रशिक्षण दिने विषयमा यस ध्यःला धिमे बाजं खलःका अध्यक्ष श्री रबि देउलाले प्रस्ताव राख्नु भएको र त्यस प्रस्तावलाई आफूले समर्थन गरी आफ्नो पार्टी मार्फत आर्थिक सहयोग गरेको कुरा उहाँले स्पष्ट पार्नु भएको थियो । अन्तमा रबि देउलाले सबै गुरु वर्ग, उपस्थित अतिथि, प्रशिक्षार्थीहरू र आयोजक साथीहरू सबैलाई धन्यवाद दिनु हुँदै आफूले त्यति समय दिन नसकेकोमा क्षमा माग्नु हुँदै प्रशिक्षार्थीहरूले मिहिनेत गरी प्रशिक्षण लिनु भएकोमा खुशी व्यक्त गर्नु हुँदै कार्यक्रम समापन गर्नुभएको थियो । उक्त बाजाको सार्वजनिक प्रदर्शन २०६९ बैशाख महिना अक्षय तृतीयामा गर्ने गुरु तेजमान बज्राचार्यले कीर्तिपुर सन्देशलाई जानकारी दिनु भएको छ ।

# फ्रन्ट डेस्क रिसप्सनिष्ट देखि प्रिन्सिपलसम्म – *रविन्द्र महर्जन*



बुबा हिरालाल महर्जन र आमा विष्णुमाया महर्जनको कोखबाट २०२९चैत्र ७ गते पाँगामा जन्मनु भएका रविन्द्र महर्जनले १५ वर्षको उमेरमा ०४४ सालमा जनसेवा उच्च मा.वि. पाँगाबाट एसएलसी पास गर्नु भएको थियो । सामान्य परिवारमा जन्मनु भएको कारण उहाँले काम गर्दै पढ्दै जानुभयो । यसै क्रममा उहाँले पाटन जावलाखेलको Hotel Aloha Inn मा Front Desk Receptionist भएर पनि काम गर्नुभयो । उहाँले PCL र BA रत्नराज्य कलेजबाट पास गर्नु भएको थियो भने एम ए पाटन संयुक्त क्याम्पसबाट गर्नु भएको थियो । उहाँको अंग्रेजीमा राम्रो दखल भएको कारण फुर्सदको बेला विदेशी पर्यटक लिएर ४ वर्षसम्म ट्रेकिङ्ग गाईडको काम पनि गर्नु भएको थियो । उहाँले ४ वर्षसम्म नि.मा.वि र १३ वर्ष देखि माध्यमिक तहको शिक्षक भएर काम गरिरहनु भएको छ । हिलटाउन उच्च मा.वि.मा अंग्रेजी विषय शिक्षक भएर काम गरि रहनु भएको बेला कीर्तिपुरको नयाँबजारस्थित बाघभैरव इङ्गलिस बोर्डिंग हाइस्कूलमा नयाँ व्यवस्थापन आएपछि उहाँलाई प्रिन्सिपल भइ जिम्मेवारी सम्हाल्न आमन्त्रण आएपछि उहाँले हिलटाउन उच्च मा.वि. छाडेर आउनु भएको थियो । यसै सन्दर्भमा कीर्तिपुर सन्देशले उहाँसँग गरेको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत छ ।

***बाघभैरव बोर्डिङ्ग स्कूलको संक्षिप्त परिचय :***

कीर्तिपुर क्षेत्रका विद्यार्थी हरूलाई अंग्रेजी माध्यमबाट स्तरीय शिक्षा दिन २०३८ सालमा स्थापना भएको यस विद्यालय नै सम्भवतः कीर्तिपुरक्षेत्रको पहिलो नीजि आवासीय विद्यालय हुनुपर्छ । यस विद्यालयका धेरैजसो विद्यार्थीहरू डाक्टर, इन्जिनियर भै काम गरिरहनु भएको छ । कतिपय त विदेशमा समेत सफलतापूर्वक काम गरिरहनु भएको छ । शैक्षिक वर्ष २०६८ देखि नयाँ व्यवस्थापनमा नयाँ शिक्षण धारबाट पढाई सञ्चालन भैरहेको छ । तालिम प्राप्त शिक्षक/शिक्षिकाबाट पूर्ण मन्टेसरी शिक्षण प्रविधिबाट पढाई भैरहेको छ ।

***हिलटाउनबाट यहाँ आउँदा कस्तो महसुस गर्नुभयो ?***

हिलटाउनमा मा.वि.स्तरको अंग्रेजी शिक्षक र इन्चार्ज थिएँ । त्यहाँ इन्चार्जको हैसियतले आंशिक जिम्मेवारी थियो भने यहाँ सम्पूर्ण जिम्मेवारी लिनु पर्ने भएकोले अलिकति फरक महसुस गरेको छु । हरेक चुनौतीको सामना गर्दै यो स्कूल लाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयको रुपमा स्थापित गराउन प्रयत्नशील रहनेछु ।

***यस विद्यालयमा विगत र तपाई आउनु भएपछि के फरक भयो ?***

भौतिक संरचना र सर सफाईमा विशेष ध्यान दिएको छु । विद्यालय परिसरभित्र अंग्रेजी भाषा अनिवार्य गरेका छौं । व्यवस्थापन र शिक्षकहरूको बीचमा एउटा टीम स्पीरिटले काम गरिरहेका छौं जसले गर्दा पढाईको गुणस्तरमा वृद्धि भएको छ । अतिरिक्त कृयाकलापमा थप जोड दिएका छौं । Dance, Music, Games आदिमा छुट्टा छुट्टै शिक्षक राखेका छौं ।

***भावी योजना के छ ?***

यो वर्ष जस्तै विद्यार्थीको Collection मा होइन अब विद्यार्थीको Sellection मा जाने विचार छ । आगामी दिनहरूमा पनि विद्यार्थीहरूलाई राम्रो शिक्षा दिक्षा दिएर जिम्मेवार नागरिक बनाउने छु । ३/४ वटा कक्षा कोठाको बृद्धि, Multipurpose Hall र खेलकुदको लागि Ground लाई राम्रो बनाउने योजना छ ।


# हार्दिक समवेदना

जन्म
वि. सं.
१९८२



निधन
२०६८ चैत्र ८
गते विहिवार

यस सहकारी संस्थाका सञ्चालक समिति सदस्य श्री हरिशरण महर्जनका ममतामयी माता **कान्छी महर्जन**को ८६ वर्षको उमेरमा असमायिक निधन भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

## कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

कीर्तिपुर सहकारी पसल

तगःवपि, नयाँबजार–१७, कीर्तिपुर फोन ४३३०६०९/४३३५५५१

www.kirtipurcoop.com.np



# हार्दिक समवेदना



जन्म
वि. सं. १९८२
निधन
२०६८ चैत्र ८
गते विहिवार

हाम्रा मित्र श्री हरिशरण महर्जनका ममतामयी माता **कान्छी महर्जन**को यही २०६८ चैत्र ८ गते बिहिवारका दिन ८६ बर्षको उमेरमा असामयिक निधन भएकोले हामीलाई निकै मर्माहित बनाएको छ । यस दुःखद् घडीमा मृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । साथै शोकग्रष्ट परिवार तथा आफ्नतजनमा धैर्य धारणा सकोस् भनि कामना गर्दछौं ।

**महर्जन परिवार**

रत्न बहादुर महर्जन/हिरादेवी महर्जन
रमिता महर्जन (सिंह)/गोविन्द सिंह
गृष्मा सिंह/रिस्मा सिंह
शिशिर महर्जन/अनीता श्रेष्ठ (महर्जन)
शशीर महर्जन/ सुष्मा द्वारे (महर्जन)

# विकल्प सहकारी द्वारा सार्वजनिक सुनुवाई तथा अन्तर्क्रिया



**कीर्तिपुर सन्देश /**

गत फागुण ३० गते विकल्प सहकारीले राराहिल मेमोरियल स्कूलमा सामुदायिक स्वास्थ्य विमा कार्यक्रम सम्बन्धि सार्वजनिक सुनुवाई तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो।

विकल्प सहकारीका अध्यक्ष अशोक भन्सारीको सभापतित्वमा भएको उक्त कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय, कीर्तिपुर नगरपालिकालाई बोलाइएकोमा उपस्थित हुनु भएन।

विकल्प सहकारीका सचिव निर्मला भण्डारीले उद्घोष गर्ने क्रममा विकल्पले विगत १० वर्षदेखि सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्दै आइरहेको २९५ जनाबाट शुरु गरिएको स्वास्थ्य बीमा हालसम्म आइपुग्दा १५६३ जना सदस्य भैसकेको जानकारी दिनुभयो। स्वास्थ्य वीमाको अवधारणा र आवश्यकता बारे जनमानसमा चेतना फैलाउन यो कार्यक्रम संचालन गरिएको बताउनु भयो।

सहकारीका सहसचिव प्रदिप महर्जनले उपस्थित महानुभाव हरूलाई स्वागत गर्नु भएको थियो।

कार्यक्रममा कोरियाको अनुभवलाई समेत समेटेर नेपालमा पनि सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमको स्तरलाई माथि उकास्ने योजना वनाएर आएको कोइका हिमाल प्राजेक्टसंग २ वर्ष देखि सम्पर्क र सहकार्य हुदै आइरहेको छ। यसै सन्दर्भमा नेपाल सरकारलाई कोइकाबाट स्वास्थ वीमाको मोडालिटी प्रस्तुत गर्ने सम्बन्धमा विकल्पले १० वर्ष देखि गर्दै आइरहेको स्वास्थ्य वीमा कार्यक्रम पनि एक नमुनाको रुपमा लिन सकिने आधारहरूलाई महत्व दिएर हिमाल प्रोजेक्टको तर्फबाट स्वास्थ्य बीमाको आधारभूत सिद्धान्त र मार्गचित्र सम्बन्धी वनाइएको २४ स्लाइडको प्रस्तुती कार्य गर्नुभयो भने उपस्थित महानुभावहरूलाई विकल्पले गर्दै आइरहेको स्वास्थ्य वीमाको मोडेल बारे विकल्पका कार्यकारी सदस्य तथा स्वास्थ्य समितिका फोकल पर्सनको रुपमा काम गर्दै आउनु भएका नारायण महर्जनले ३१ स्लाइडको प्रस्तुति गर्नुभयो।

स्लाइडहरूको ब्याख्या सहितको कार्यपत्रको प्रस्तुति पछि उपस्थित विभिन्न संघ संस्था, व्यक्तिव्यक्तित्वहरूबाट आउनु भएका महानुभावहरूबाट जिज्ञासा तथा टिप्पणीको लागि फ्लोर ओपन गर्ने कार्य भयो। जसमा पुष्प सदन आवाशिय विद्यालयका तर्फबाट आउनु भएका तुलसी क्षेत्रीबाट विकल्पबारे सुनेको मात्र थियो तर आजको प्रस्तुतिबाट विकल्प र विकल्पले गर्दै आइरहेको स्वास्थ्य वीमा कार्यक्रमबारे राम्ररी बुझ्न पाएकोमा खुशी व्यक्ति गर्नुभयो।

पांगा सेकेन्डरी बोर्डिङ्ग स्कूलका प्रिन्सीपल रमेशमान महर्जनले विकल्पले गर्दै आइरहेको काम अत्यन्त सह्रानिय छ। अवका दिनमा व्यापक रुपमा सर्वसाधारणको पहुंचमा पुऱ्याउन विभिन्न संघसंस्थाहररू मार्फत वा टोल टोलमा गएर प्रचार प्रसारमा जानु पर्ने सुझावहरू दिनुभयो।

द्धोपा सद्भाव वचत तथा ऋण सहकारीको तर्फबाट विष्णु कुमार कार्कीले हुने खाने र हुँदा खानेहरूको विचको खाडल पूर्ति गर्ने विमाको क्षेत्रमा काम गरेकोमा खुसी लाग्यो भन्नुभयो।

कीर्तिपुर इन्जिनियरिङ्ग समाजका अध्यक्ष गणेश वहादुर महर्जनले स्वास्थ्य वीमाको प्रशंसा गर्नु हुँदै राज्यको दायित्वको काम राज्यले केही नगरेको अवस्थामा विकल्पका अगुवा सामाजिक कार्यकर्ताहरूले गर्नु भएको काम साह्रै सह्रानिय भएको र एक आपसमा प्रचार प्रसार गरी व्यापक वनाउनु पर्ने विचार व्यक्ति गर्नु भयो।

लिला कायस्थ : जागीरको सिलसिलामा १०/१२ वटा सहकारी दर्ता गराएँ वहाँहरू सबैलाई विकल्पको वारेमा कुरा सुनाएपछि विकल्पको सदस्य वन्न अनुरोध गरिएको पाइयो। विकल्पका सल्लाहाकार श्याम श्रेष्ठले विकल्पको उद्देश्य बारे प्रकाश पार्दै भन्नुभयो एक कप चिया वरु छोडौं वर्षमा एकचोटी गरिने स्वास्थ्य वीमाको प्रिमियम तिरौं ताकि आपतबाट बच्ने उपाय निकालौं भन्नुभयो। आफ्नै उदाहरण दिंदै भन्नुभयो उपचार अप्रेशन गर्दा ७० हजार खर्च लागेकोमा २१ हजार मात्र तिरे पुग्यो भन्नुभयो।

अन्तमा कार्यक्रमको अध्यक्षता गर्नु भएका का. अध्यक्ष अशोक भन्सारीले कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिंदै विकल्पको तर्फबाट भन्नुपर्ने कुराहरू सबै आइसकेको जानकारी दिंदै सभालाई समाप्त गर्नु भयो।

विकल्प सहकारीले समाजमा विभिन्न किसिमका सामाजिक कार्यहरू गर्ने उद्देश्य वोकेर स्थापना गरिएको सामाजिक सहकारी भएको नाताले आफुले गर्दै आइरहेको स्वास्थ बीमा कार्यक्रमको सार्वजनिक सुनुवाई हालसम्म गर्न सकिरहेको थिएन। कोइका हिमाल



प्रोजेक्टलेस्वास्थ्यबीमा कार्यक्रमलाई लेभल अप गर्ने योजना अन्तर्गत कोरियाको अनुभवलाई समेत समेटेर नेपालमा सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमलाई नमुनाको रुपमा निर्माण गरी नेपाल सरकारलाई सुझाव दिने उद्देश्यले विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको छ। यसै सन्दर्भ कीर्तिपुरमा पनि विकल्पले गर्दै आइरहेको स्वास्थ्य वीमा कार्यक्रमलाई एउटा मोडल हुन सक्ने आधारलाई औंल्याइ सुझाव संकलन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम गरि एको थियो।

## दिलिप महर्जन अब भूमिसुधार राज्यमन्त्री

**कीर्तिपुर सन्देश /**

कीर्तिपुर पाँगाका निर्वतमान पर्यटन तथा नागरिक उडड्यन राज्य मन्त्री दिलिप महर्जनले गत आइतवारदेखि भूमिसुधार राज्य मन्त्रीको कार्यभार सम्हाल्नु भएको छ।

गत हप्ता मात्रै प्रधानमन्त्री डा. बाबुराम भट्टराईले उहाँलाई पर्यटन राज्यमन्त्रीवाट भूमिसुधार मन्त्रालयमा सरुवा गर्नु भएको थियो।

जनताको प्रत्येक्ष रुपमा सरोकार हुने भूमिसुधार मन्त्रालयमा सरुवा भएका कारण राज्य मन्त्री महर्जनले पर्यटन राज्य मन्त्री भएको समयमा भन्दा पनि कीर्तिपुरवासीका भूमी सम्बन्धि समस्या समाधान गर्न भूमिका खेल्ने कीर्तिपुरवासीले आशा गरेका छन्।

# हार्दिक श्रद्धाञ्जली



**हाम्रा पारिवारिक समूहका आत्मिय मित्र हरिशरण महर्जनका पुजनीय आमा, जगतमाया महर्जनकी पुजनीय सासु कान्छी महर्जनको आकस्मिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।**

**स्व. कान्छी महर्जन**

जन्म
वि. सं. १९८२

निधन
२०६८ चैत्र ८ गते
विहिवार

साथीहरू

१.डा.श्रीकृष्ण श्रेष्ठ / सुमित्रा श्रेष्ठ
२.बाबुकृष्ण महर्जन / गंगा महर्जन
३.मदन वहादुर महर्जन / कमला महर्जन
४.बालकृष्ण महर्जन / प्रमिला महर्जन
५.कविर महर्जन / शान्ती महर्जन
६.जितेन्द्र महर्जन / केशरी महर्जन
७.बुद्धि वहादुर माली / पार्वती माली
८. दिलावत महर्जन / हिरामिना महर्जन
९.अशोक मुनी बज्राचार्य / अणु बज्राचार्य
१०.राम महर्जन / जयन्ती महर्जन
११. लक्ष्मी बहादुर महर्जन / उरु महर्जन
१२. अशोक महर्जन / रत्न माया महर्जन



**कीर्ति सेकेण्डरी बोर्डिङ स्कूल**

नगाउँदोवाटो, कीर्तिपुर

**शैक्षिक सत्र २०६९ का लागि भर्ना खुल्यो**

**भर्ना फारमका लागि विद्यालय प्रशासनमा सर्म्पक गर्नुहोला ।**

थप जानकारीका लागि

४३३२५१३, ९७४१२६६६५०,, ९८४१३७३९५२

# अन्तरिम संविधानको आयु ?

## ब्यंग सन्देश

छत्र कुमार महर्जन

अन्तरिम संविधान अनुसार अहिले देश अघि बढिरहेको छ वा पछि ढकेलिरहेको छ। अन्तरिम संविधान अनुसार भए गरेका सबै काम अन्तरिम नै हुने नै भयो। अहिले सरकार पनि अन्तरिम छ, प्रतिपक्ष पनि अन्तरिम नै छ। तर यो अन्तरिम संविधानको अन्त्य कहिले हुने हो, थाहा छैन। सामान्य त हिजो, संविधान सभाको निर्वाचनपछि बन्ने संविधान सभाको अवधि दुई वर्षको लागि अन्तरिम संविधान लागु हुने र दुईवर्षपछि नयाँ संविधान जारी हुने परिकल्पना थियो।

आज त्यो दुई वर्षको अन्तरिम संविधानको आयु जेठ १४पछि चारवर्ष हुनेछ । अन्तरिम संविधानको आयु एकसय प्रतिशत थप्दा पनि न शान्ति प्रक्रिया टुङिगन्छ न संविधान बन्ने कुनै ग्यारेन्टी छ। तर पनि अहिले संविधानको आयु सर्वोच्च अदालतले जेठ १४ सम्मको लागि मात्र मान्य हुने सिमा तोकि दिएको छ। तैपनि तीन ठूला दल तीनतिर मधेशवादी दल लुटतिर साना दल निकम्मातिर, सभासद भूमिका विहिन भएर तलबभत्ता मात्र बुझी लिनेतिर मात्र लागे पछि अन्तरिम संविधानको भाग्य बलियो हुने नै भयो।

आखिर जेठ १४ मा संविधान जारी हुने दलका नेताहरूलाई नै विस्वास छैनन्। किन कि दलहरूको आ-आफ्नै स्वार्थ, सोच यो संविधानले सन्तुष्ट हुने गरी परिपूर्ति गर्ने अवस्था छैन । कसैलाई जनसंविधान चाहिने, कसैलाई लोकतान्त्रिक संविधान चाहिने, कसैलाई मधेशमय संविधान चाहिने, कसैलाई जनजातिमय संविधान चाहिने, कसैलाई बालमैत्री चाहिने, कसैलाई महिलामय संविधान चाहिने, कसैलाई अपाङमैत्री संविधान चाहिने। कसैलाई संघिय भएको संविधान चाहिने, कसैलाई संघिय विनाको चाहिने। कसैलाई प्रत्यक्ष निर्वाचित राष्ट्रपति चाहिने, कसैलाई निर्वाचित प्रधानमन्त्री, कसैलाई नेपालको न्यायालय संसद मातहत चाहिने, कसैलाई स्वतन्त्र चाहिने, आखिर यो सबै अन्तरिम संविधानको आयु बढाउने बहाना बनाई संविधान जारी नगर्ने तर परेको म व्यहोरुंला भन्ने बहादुरहरू भएपछि, भोलि के हुन्छ, के थाहा ?

हुन त नेपाली जनताले शुरुमा दुई वर्षको समय अपुग भयो छ महिना थप भएपछि पूर्ण संविधान आउँछ भन्ने आशा गरेका थिए । प्रस्तावित नयाँ संविधानको अधिकांश विवादित विषयहरू समाधान भयो, अब केही मूल विषयहरूको विवाद टुङगेपछि नयाँ संविधान जारी हुने नेताहरूले भनेका थिए तर छ महिना पनि विना उपलब्धी खर्च भयो। फेरि तीन महिनाको मात्र म्याद थप गर्ने र संविधान जारी गर्ने भन्यो। त्यो पनि माने तर संविधान जारी भएन र फेरि चलाखीपूर्ण संविधानको म्याद सकिनु अघिल्लो दिन नै नेपाली जनताले विरोध गर्न नपाउँदै तीन महिना थपे। तर अन्तिममा जनतालाई ढाट्ने नेताहरूको चाला, संविधान सभाको आयु बढाइ भत्ता खाने लालचा देखेपछि सर्वोच्च न्यायालयले नेपाली जनताको भावना र मर्मलाई कदर गर्दै २०६९ जेठ १४ सम्ममा मात्र संविधान सभाको थप अन्तिम हुने फैसलापछि तिलमिलाएका नेता तथा सभासदहरू संविधान जारी गर्नुको विकल्प सोच्न सकिरहेको छैनन् । तर भन्न सकिन्न धुर्त नेताहरू कुनै नयाँ बहाना पनि खोज्दै होलान् तर यसपालि त्यो बहाना नेपाली जनताले पूरा गर्न दिने छैन र नेताहरूको योग्यता जाँचिन्छ, सक्षमता जाँचिन्छ । अब सबै विवादहरू टुङग्याएर नयाँ संविधान पाउने आशामा छन्। शान्ति प्रक्रिया टुङिगएको हेर्न चाहेका छन । यो अन्तरिम संविधानको अन्त्य चाहेका छन । तर यसैबेला सच्चा माओवादीहरू आन्दोलनको तयारीमा छन्। डाक्टर हटाउन वैद्य लागेका छन । प्रचण्ड घामलाई छेक्न बादल मडारिएका छन । सानासाना दलहरूलाई मिलाई छुट्टै मोर्चा बनाई संस्थापन एमाओवादी भन्दा ठूलो हुन खोजिरहेका छन विद्रोही माओवादीहरू । शान्ति र संविधानको लागि नेपाली जनताले भोलि के गर्नेछन हेर्नु छ। शान्ति र नयाँ संविधानको लागि दलहरूलाई दवाव दिनु छ। अन्तरिम संविधानलाई विदाइ गरी नयाँ संविधान जारी गर्नु छ । अब शान्ति कायम गराउने वा नगराउने, नयाँ संविधान जारी गर्न लगाउने वा नलगाउने सार्वभौम जनताको हातमा आएको छ।

**सुहाना क्याटरिङ सर्भिस**

**ट्याङला, कीर्तिपुर**

**नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।**

**Buffet Dinners Luncheons, B.B.Q.S etc**

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 4334477

**भर्ना खुल्या !** **भर्ना खुल्यो !!**

पुष्पसदन आवासीय माध्यमिक विद्यालय

बाहिरीगाउँ, कीर्तिपुरमा

प्ले ग्रुपदेखि कक्षा ८ सम्मका लागि

**दिवा, अर्धआवासीय तथा आवासीय**

नयाँ विद्यार्थी भर्ना खुल्यो।

बसको पनि व्यवस्था छ।

फारमका लागि तुरुन्त सम्पर्क राख्नुहोस्।

(कक्षा ४ देखि कक्षा ८ सम्मका लागि प्रथम प्रवेश परीक्षा मिति २०६८/१२/२१ विहान १०:०० बजे)

सम्पर्कः **स्थानः विद्यालय अफिस**

समयः **बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म, फोनः ४३३१८२७ र ३४४१९१७**

प्रिन्सिपल

**पुष्पसदन आवसीय मा. वि.**

बाहिरीगाउँ , कीर्तिपुर

**ADMISSION OPEN !**

IN

**CREATIVE ACADEMY**

From

Class Nursery to Eight

Hurry Up ! Seats are Limited !!

ADMISSION FORMS ARE AVAILABLE IN SCHOOL OFFICE

**ENTRANCE TEST ON 26 TH Chaitra at 11:00 am**

For Details Contact

Creative Academy

Naya Bazar, Kirtipur

Phone : 4334123, 4336107